UNITED NATIONS
MISSION IN NEPAL

UNMIN

नेपालस्थित संयुक्त
राष्ट्रसंघीय मिसन

# प्रेस वक्तव्य

## अन्मिन

### ४ साउन २०६४ [२० जुलाई २००७]

राष्ट्रसंघीय महासचिवका विशेष प्रतिनिधि इयान मार्टिन र माओवादी अध्यक्ष प्रचण्डका साथै राजनीतिक तथा सैन्य सहकर्मीहरूबीच आज सम्पन्न बैठकमा माओवादी सेना कार्यकर्ताको दोस्रो चरणको दर्ता र प्रमाणीकरणको पुनःथालनी जतिसक्दो छिट्टै गर्न तयारी गर्ने सहमति भएको छ। इलामस्थित पहिलो शिविरस्थलमा सम्पन्न प्रमाणीकरणबाट प्राप्त सिकाइहरूबारे विचार आदानप्रदान गर्न र विवादास्पद विषयहरूको सम्भावित समीक्षा गर्ने आधार निर्माण गर्नका लागि अब सैन्य प्रतिनिधिहरूले भेटघाट गर्नेछन्।

सिमित संख्यामा आएका केही विषयहरूको कुनै पनि किसिमको समीक्षा केवल हतियार तथा सेना व्यवस्थापन अनुगमनको सम्झौता (एएम्एम्एए) मा रहेका दुईवटा शर्तहरूमा आधारित हुनेछ भन्ने कुरा अन्मिनले स्पष्ट पारेको छ। उपयुक्त व्यवस्थाहरूबारे निर्णय हुने बित्तिकै अमान्य पाइएकाहरूलाई डिस्चार्ज गर्ने कार्य शुरू गर्ने पनि अन्मिन अपेक्षा राख्दछ। अन्तरिम सरकारद्वारा हालै गठित विशेष समितिले डिस्चार्ज गर्ने विषयबारे यथाशीघ्र छलफल गर्नेछ भन्ने अन्मिन आशा गर्दछ।